// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, असोज ६ गते २०५२ साल (संख्या २४

## भाग ४

### श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

सूचना तथा संचार मन्त्रालयका सचिव श्री भोजराज पोखरेल इन्टेलस्याटको एसेम्बली अफ पार्टीजको बीसौं बैठकमा भाग लिनसमेत २०५२।५।११ देखि डेनमार्क-तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ढुण्डीराज-खनाललाई मिति २०५२।५।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## प्रधानमन्त्रीको कार्यालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।४।१८ को निर्णयानुसार प्रधानमन्त्रीको कार्यालयका सह-सचिव श्री खगेन्द्रप्रसाद पौड्यालको सेवा अवधि मिति २०५२।४।२९ मा ३० वर्ष पुग्ने भएकोले मिति २०५२।४।३० बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम दुई वर्षको सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
रुद्रकुमार श्रेष्ठ
उप-सचिव

श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।५।५ को निर्णयानुसार अछाम जिल्लाको "तडीगैरा गाउँ विकास समिति"को नाम "रामा रोशन गाउँ विकास समिति" रहने गरी परिवर्तन गरेको छ ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

236